# मसीह मसीहको लागि

१. मसीह मसीहको लागि लडाईं गर्नुछ
उनैको क्रूसको झण्डा उठाई बोक्नुछ
जय पाउनु उनले दिन्छन् जय पाउन अँ जरूर
ख्रीष्ट हुन् सबैका राजा नष्ट हुन्छन् सब शत्रु ।

२. मसीह मसीहको लागि लडाईं गर्नुछ
सब ढाडस, बल र सामर्थ ख्रीष्टदेखि पाउनुछ
न आफ्ना बलले जित्नु न आफ्ना हतियार
अवश्य सबै लाऔं धर्म पुस्तकको अन्सार ।

३. मसीह मसीहको लागि लडाईं गर्नुछ
युद्ध गर्ने बेला कम्मर सत्यले बाँध्नुछ
विश्वासको ढाल लगाऔं र तलवार आत्माको
सुसमाचारका जुत्ता र कवज धर्मको ।

४. मसीह मसीहको लागि लडाईं गर्नुछ
आज लडाईं गर्नु भोलि जय पाउनु छ
दिइन्छ स्वर्गे मुकुट विजयी सबैलाई
र स्वर्गमा सधैं बस्नु विजयको गीत गाउँदै ।

**बाइबल पद :** "म तिमीहरुलाई भन्दछु, हरेक जसले मलाई मानिसहरुका सामुन्ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरुका सामुन्ने स्वीकार गर्नेछ ।" लूका १२:८